श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राज्य विरूद्धको अपराध र सजायको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकता अक्षुण्ण राख्न, विभिन्न वर्ग, जाति, धर्म एवं सम्प्रदायका जनताका बीच सुसम्बन्ध कायम राख्न, शान्ति र व्यवस्था कायम राख्न तथा विदेशी राज्यहरूसंग मित्रताको सम्बन्ध कायम राख्न राज्य विरूद्ध गरिने अपराध र सजायको सम्बन्धमा समयानुकूल व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः

१.१ यस ऐनको नाम "राज्य विरूद्धको अपराध र सजाय ऐन, २०४६" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६

१.२ यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र नेपाल अधिराज्यबाहिर जहाँसुकै रहे बसेको भएतापनि सबै नेपाली नागरिकलाई लागू हुनेछ ।

१.३ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजपरिवार उपर आक्रमण: श्री ५ महाराजाधिराज वा मौसूफका पटवन्धा महारानी वा राजपरिवारका अन्य सदस्यलाई जोसुकैले जोर जुलुम गरेमा वा थुनछेक गरेमा वा बल प्रयोग गरी त्रास देखाएमा वा सो कुराहरू गर्ने उद्योग गरेमा मृत्यु दण्ड, जन्म कैद वा दश वर्षसम्म कैद हुनेछ ।

३. राष्ट्र विप्लव:

३.१ कसैले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्म कैद हुनेछ ।

३.२ कसैले आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी श्री ५ को सरकारलाई पल्टाउने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्म कैद वा दश वर्ष कैद हुनेछ ।

३.३ कसैले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा आघात पर्न सक्ने गरी कुनै विदेशी राज्य वा संगठित शक्तिसंग मिली कुनै प्रकारको षड्यन्त्र गरेमा निजलाई जन्म कैद वा दश वर्षसम्म कैद हुनेछ ।

३.४ कसैले उपदफा ३.१ वा ३.२ अन्तर्गतको अपराध गर्ने षड्यन्त्र रचेमा वा सो गर्ने नियतले मानिस, हातहतियार वा खरखजाना जम्मा गरेमा वा सो गर्न दुरुत्साहन दिएमा निजलाई दश वर्षसम्म कैद हुनेछ ।

४. राजद्रोह:

४.१ कसैले लेखेर वा वचनले वा आकार र चिह्नद्वारा वा अन्य कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ महाराजाधिराज वा राजपरिवार प्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा तीन वर्षसम्म कैद वा तीनहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

४.२ कसैले स्वतन्त्र एवं अविभाज्य नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डतामा खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय वा यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारवाही गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा तीन वर्षसम्म कैद वा तीनहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

४.३ कसैले लेखेर वा वचनले वा आकार र चिह्नद्वारा वा अरू कुनै किसिमबाट श्री ५ को सरकारको काम कारवाहीको उल्लेख गरी निराधार अप्रमाणित कुरा देखाई श्री ५ को सरकार प्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा दुई वर्षसम्म कैद वा दुईहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

तर यस उपदफामा लेखिएको कुनै कुराले श्री ५ को सरकारको आलोचना गरेकोलाई यो उपदफा अन्तर्गत अपराध गरेको मानिने छैन।

५. मित्रराष्ट्र प्रति विद्रोहः कसैले नेपाल अधिराज्यको भूमिबाट कुनै मित्रराष्ट्रको विरूद्ध हातहतियार उठाई विद्रोह गरेमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा सात वर्षसम्म कैद वा पाँचहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

६. जफत हुनेः यस ऐन अन्तर्गतको अपराध गर्न जम्मा वा प्रयोग गरेको हातहतियार, खरखजाना वा मालसामान सबै जफत हुनेछ।

७. मुद्दा हेर्ने अधिकारः यस ऐन अन्तर्गतका मुद्दामा शुरू कारवाही र किनारा गर्ने अधिकार अञ्चल अदालतलाई हुनेछ।

८. मुद्दाहरू सर्नेः राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत विभिन्न अदालत वा अधिकारी समक्ष दायर भई छिन्न बाँकी रहेका मुद्दाहरू यो ऐन प्रारम्भ भएपछि सम्बन्धित अञ्चल अदालतमा सर्नेछन्।

९. खारेजीः राजकाज (अपराध र सजाय) ऐन, २०१९ खारेज गरिएको छ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति :– २०४६।६।११।४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
४०८